नेपाल सरकार
गृह मन्त्रालय

# प्रहरी प्रधान कार्यालय

## ( मानवश्रोत एवं प्रशासन विभाग, भर्ना तथा छनौट महाशाखा )

नक्साल, काठमाण्डौं ।

प्रथम पटक प्रकाशित मिति :- २०७५/११/१३ गते ।

## नयाँ भर्ना सम्बन्धी सूचना

नेपाल प्रहरीमा **प्राविधिक समूह** अन्तर्गत विभिन्न उप-समूह तर्फ रिक्त रहेका निम्न बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

### १. आवश्यक माग पद संख्या :-

| सि. नं. | विज्ञापन नं. | पद/उप-समूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ./ज. | मधेसी | महिला | दलित | पि.क्षे. | |
| **नेपाल प्रहरी अस्पताल तर्फ (उप-समूहः स्वास्थ्य)** | | | | | | | | | | |
| १. | ०५ (०७५/७६) | प्रा.प्र.ना.उ.(MS Surgery) | १ | - | - | - | - | - | - | १ |
| २. | ०६ (०७५/७६) | प्रा.प्र.ना.उ.(MD General Practice) | १ | - | - | - | - | - | - | १ |
| ३. | ०७ (०७५/७६) | प्रा.प्र.नि.(मेडिकल अफिसर एम.बि.बि.एस.) | ८ | - | २ | २ | १ | १ | १ | १५ |
| ४. | ०८ (०७५/७६) | प्रा.प्र.नि.(डेन्टल अधिकृत) | ३ | - | १ | १ | १ | - | - | ६ |
| ५. | ०९ (०७५/७६) | प्रा.प्र.नि.(फिजियोथेरापिष्ट) | १ | - | - | - | - | - | - | १ |
| ६. | १० (०७५/७६) | प्रा.प्र.ना.नि.(स्टार्फ नर्स) | ८ | - | २ | २ | १ | १ | १ | १५ |
| ७. | ११ (०७५/७६) | प्रा.प्र.ना.नि.(अप्थाल्मिक असिष्टेन्ट) | १ | - | - | - | - | - | - | १ |
| ८. | १२ (०७५/७६) | प्रा.प्र.ना.नि.(अडियोमेट्रिसियन) | १ | - | - | - | - | - | - | १ |
| ९. | १३ (०७५/७६) | प्रा.प्र.स.नि.(फिजियोथेरापी असिष्टेन्ट) | १ | - | - | - | - | - | - | १ |
| १०. | १४ (०७५/७६) | प्रा.प्र.स.नि.(डेन्टल हाईजिनिष्ट) | २ | - | १ | १ | - | - | - | ४ |
| ११. | १५ (०७५/७६) | प्रा.प्र.स.नि.(ल्याब असिष्टेन्ट) | २ | - | १ | १ | - | - | - | ४ |
| १२. | १६ (०७५/७६) | प्रा.प्र.स.नि.(सि.एम.ए.) | १ | - | १ | - | - | - | - | २ |
| **सञ्चार निर्देशनालय तर्फ (उप-समूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | १७ (०७५/७६) | प्रा.प्र.नि.(सञ्चार) | १ | - | - | १ | - | - | - | २ |
| २. | १८ (०७५/७६) | प्रा.प्र.ना.नि.(सञ्चार) | ४ | - | २ | १ | १ | - | - | ८ |
| ३. | १९ (०७५/७६) | प्रा.प्र.स.नि.(सञ्चार) | ६ | - | २ | २ | १ | - | १ | १२ |
| **सूचना प्रविधि निर्देशनालय तर्फ (उप-समूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | २० (०७५/७६) | प्रा.प्र.नि.(सूचना प्रविधि/कम्प्युटर) | १ | - | - | - | १ | १ | - | ३ |
| २. | २१ (०७५/७६) | प्रा.प्र.ना.नि.(सूचना प्रविधि/कम्प्युटर) | ९ | - | २ | १ | २ | १ | १ | १६ |
| ३. | २२ (०७५/७६) | प्रा.प्र.स.नि.(सूचना प्रविधि/कम्प्युटर) | ३ | - | - | - | १ | १ | - | ५ |
| **भौतिक पूर्वाधार निर्देशनालय तर्फ (उप-समूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | २३ (०७५/७६) | प्रा.प्र.नि.(सिभिल इन्जिनियर) | १ | - | - | - | - | - | - | १ |
| २. | २४ (०७५/७६) | प्रा.प्र.ना.नि.(सिभिल ओभरसियर) | २ | - | १ | १ | - | - | - | ४ |
| ३. | २५ (०७५/७६) | प्रा.प्र.ना.नि.(आर्किटेक्चर) | १ | - | - | - | - | - | - | १ |
| ४. | २६ (०७५/७६) | प्रा.प्र.ना.नि.(सर्भे) | १ | - | - | - | - | - | - | १ |
| **सवारी महाशाखा तर्फ (उप-समूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | २७ (०७५/७६) | प्रा.प्र.नि.(अटोमोबाईल इन्जिनियर) | १ | - | १ | - | - | - | - | २ |
| २. | २८ (०७५/७६) | प्रा.प्र.ना.नि.(अटोमोबाईल ओभरसियर) | १ | - | १ | - | - | - | - | २ |
| **केनाइन महाशाखा तर्फ (उप-समूहः केनाइन)** | | | | | | | | | | |
| १. | २९ (०७५/७६) | प्रा.प्र.नि.(भेटेरिनरी) | १ | - | - | - | - | - | - | १ |
| २. | ३० (०७५/७६) | प्रा.प्र.स.नि.(भेटेरिनरी) | १ | - | १ | - | - | - | - | २ |
| **हातहतियार मर्मत शाखा तर्फ (उप-समूहः हातहतियार (आरमर))** | | | | | | | | | | |
| १. | ३१ (०७५/७६) | प्रा.प्र.नि.(जनरल मेकानिकल इन्जिनियर) | १ | - | - | - | - | - | - | १ |
| २. | ३२ (०७५/७६) | प्रा.प्र.स.नि.(जुनियर मेकानिक्स) | १ | - | १ | - | - | - | - | २ |
| **केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ (उप-समूहः विधि विज्ञान)** | | | | | | | | | | |
| १. | ३३ (०७५/७६) | प्रा.प्र.नि.(रसायन) | १ | - | १ | - | - | - | - | २ |
| २. | ३४ (०७५/७६) | प्रा.प्र.नि.(फिङगरप्रिन्ट) | १ | - | - | - | - | - | - | १ |
| ३. | ३५ (०७५/७६) | प्रा.प्र.ना.नि.(रसायन) | २ | - | १ | १ | - | - | - | ४ |
| ४. | ३६ (०७५/७६) | प्रा.प्र.ना.नि.(बायोलोजी) | १ | - | १ | - | - | - | - | २ |
| ५. | ३७ (०७५/७६) | प्रा.प्र.ना.नि.(फिङगरप्रिन्ट) | १ | - | - | - | - | - | - | १ |

२. **दरखास्त फाराम दर्ता मिति** :- २०७५/११/१६ गते, बिहान १०:०० बजेदेखि २०७५/१२/२२ गते, १७:०० बजेसम्म (सार्वजनिक बिदाको दिन बाहेक)।

### ३. दरखास्त फाराम पाइने र बुझाउने स्थान :-

| सि.नं. | पद/उप-समूह | दरखास्त फाराम वितरण तथा दर्ता हुने स्थान | |
|---|---|---|---|
| १. | स्वास्थ्य उप-समूह तर्फ नेपाल प्रहरी अस्पताल अन्तर्गतका पदहरु | नेपाल प्रहरी अस्पताल, महाराजगंज काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४४१२४३०, ४४१२५३०) | • १ नं.प्रदेश प्रहरी कार्यालय, **विराटनगर** (सम्पर्क नम्बर: ०२१-४३५००१, ९८५२०९०१८०)<br>• २ नं.प्रदेश प्रहरी कार्यालय, **जनकपुर** (सम्पर्क नम्बर: ९८५४०२९७४२)<br>• ३ नं.प्रदेश प्रहरी कार्यालय, **हेटौंडा** (सम्पर्क नम्बर: ०५७-५२१४९९)<br>• गण्डकी प्रदेश प्रहरी कार्यालय, **पोखरा** (सम्पर्क नम्बर: ०६१-४६२५००)<br>• ५ नं.प्रदेश प्रहरी कार्यालय, **दाङ** (सम्पर्क नम्बर: ०८२-५२३४१०)<br>• कर्णाली प्रदेश प्रहरी कार्यालय, **सुर्खेत** (सम्पर्क नम्बर: ०८३-५२०८११)<br>• सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय, **दिपायल** (सम्पर्क नम्बर: ०९४-४१२१४८) |
| २. | इन्जिनियरिङ उप-समूह तर्फ संचार निर्देशनालय अन्तर्गतका पदहरु | प्रहरी प्रधान कार्यालय संचार निर्देशनालय, नक्साल काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४४१२६०३) | |
| ३. | इन्जिनियरिङ उप-समूह तर्फ सूचना प्रविधि निर्देशनालय अन्तर्गतका पदहरु | प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालय, नक्साल काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४४१२८३७) | |
| ४. | इन्जिनियरिङ उप-समूह तर्फ भौतिक पूर्वाधार निर्देशनालय अन्तर्गतका पदहरु | प्रहरी प्रधान कार्यालय भौतिक पूर्वाधार निर्देशनालय, नक्साल काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४४२९१९९) | |
| ५. | इन्जिनियरिङ उप-समूह तर्फ सवारी महाशाखा अन्तर्गतका पदहरु | प्रहरी प्रधान कार्यालय सवारी महाशाखा, नक्साल काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४४११४७८) | |
| ६. | केनाइन उप-समूह तर्फ केनाइन महाशाखा अन्तर्गतका पदहरु | केनाइन महाशाखा, महाराजगंज काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४४१७०२२) | |
| ७. | हातहतियार (आरमर) उप-समूह तर्फ हातहतियार मर्मत शाखा अन्तर्गतका पदहरु | प्रहरी प्रधान कार्यालय हातहतियार मर्मत शाखा, नक्साल काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४४११२१० Ext: ६१६) | |
| ८. | विधि विज्ञान उप-समूह तर्फ केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला अन्तर्गतका पदहरु | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला सामाखुशी, काठमाण्डौं। (सम्पर्क नम्बर: ०१-४३८०३१०) | |

### ४. उमेर/दरखास्त दस्तुर :-

| सि.नं. | दर्जा | उमेरको हद | दस्तुर |
|---|---|---|---|
| १. | प्राविधिक प्रहरी नायव उपरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म २३ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको। | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.१२०० (बाह्र सय) बुझाउनु पर्नेछ साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२४०) का दरले थप दस्तुर लाग्नेछ। |
| २. | प्राविधिक प्रहरी निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म २० वर्ष उमेर पुरा भई ३२ वर्ष ननाघेको। | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.१००० (एक हजार) बुझाउनु पर्नेछ साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२००) का दरले थप दस्तुर लाग्नेछ। |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ३० वर्ष ननाघेको। | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.४०० (चार सय) बुझाउनु पर्नेछ साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.८०) का दरले थप दस्तुर लाग्नेछ। |
| ४. | प्राविधिक प्रहरी सहायक निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई २८ वर्ष ननाघेको। | दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.३०० (तीन सय) बुझाउनु पर्नेछ साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.६०) का दरले थप दस्तुर लाग्नेछ। |

**पुनश्चः** प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक पदमा खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनंकित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र आधारभूत तालिम लिएको हुनु पर्नेछ।

### ५. आवश्यक न्यूनतम योग्यता :-

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| | • प्राविधिक प्रहरी नायव उपरीक्षक,<br>• प्राविधिक प्रहरी निरीक्षक,<br>• प्राविधिक प्रहरी नायव निरीक्षक,<br>• प्राविधिक प्रहरी सहायक निरीक्षक | १. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजायँ नपाएको,<br>२. मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजायँ नपाएको,<br>३. राजनैतिक दलको सदस्य नरहेको,<br>४. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>५. उचाई, छाती र तौलः<br>(क) पुरुष- उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) महिला- उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी<br>६. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>८. नेपाली नागरिक। |
| **नेपाल प्रहरी अस्पताल तर्फ** | | |
| १. | प्राविधिक प्रहरी नायव उपरीक्षक (MS Surgery) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट I.Sc. वा सो सरह उत्तीर्ण गरी MBBS पश्चात् Surgery मा M.S. वा सो सरह उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता भएको। |

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| २. | प्राविधिक प्रहरी नायव उपरीक्षक (MD General Practice) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट I.Sc. वा सो सरह उत्तीर्ण गरी MBBS पश्चात् General Practice मा M.D. वा सो सरह उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता भएको । |
| ३. | प्राविधिक प्रहरी निरीक्षक (मेडिकल अफिसर एम.बि.बि.एस.) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट I.Sc. वा सो सरह उत्तीर्ण गरि MBBS वा सो सरह उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता भएको । |
| ४. | प्राविधिक प्रहरी निरीक्षक (डेन्टल अधिकृत) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट I.Sc. वा सो सरह उत्तीर्ण गरि BDS वा सो सरह उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता भएको । |
| ५. | प्राविधिक प्रहरी निरीक्षक (फिजियोथेरापिष्ट) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । |
| ६. | प्राविधिक प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा न्यूनतम प्रमाण पत्र तह उत्तीर्ण गरि नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । |
| ७. | प्राविधिक प्रहरी नायव निरीक्षक (अप्थाल्मिक असिष्टेन्ट) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा (Ophthalmic Science) मा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| ८. | प्राविधिक प्रहरी नायव निरीक्षक (अडियोमेट्रिसियन) | त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट HA वा सो सरह उत्तीर्ण गरि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ३ (तीन) महिना अडियोमेट्री सम्बन्धी तालिम गरेको र सम्बन्धित परिषदमा दर्ता भएको । |
| ९. | प्राविधिक प्रहरी सहायक निरीक्षक (फिजियोथेरापी असिष्टेन्ट) | SLC/SEE उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ महिना सि.एम.ए./ए.एन.एम. उत्तीर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएको र फिजियोथेरापी सम्बन्धी कम्तीमा ३ महिना तालीम प्राप्त । |
| १०. | प्राविधिक प्रहरी सहायक निरीक्षक (डेन्टल हाईजिनिष्ट) | SLC/SEE उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ महिना सम्बन्धित विषयमा तालीम लिई सम्बन्धित परिषदमा दर्ता भएको । |
| ११. | प्राविधिक प्रहरी सहायक निरीक्षक (ल्याब असिष्टेन्ट) | SLC/SEE उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव सहायक (Lab Assistant) उत्तीर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएको । |
| १२. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सि.एम.ए.) | SLC/SEE उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ महिना सि.एम.ए. उत्तीर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएको । |
| **सञ्चार निर्देशनालय तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय (Electronics & Communication Engineering) मा स्नातक तह उत्तीर्ण गरि सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको । |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय (Electronics & Communication Engineering) मा कम्तिमा ३ (तीन) वर्षे कोर्ष पूरा गरेको वा प्रमाण-पत्र तह उत्तीर्ण गरेको वा सो सरहको उपाधि हासिल गरेको । |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरि सम्बन्धित विषय (Electronics वा Telecommunication) मा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वा सो सरहको संस्थाबाट कम्तिमा १८ (अठार) महिने कोर्ष पूरा गरेको वा सो सरहको उपाधि हासिल गरेको । |
| **सूचना प्रविधि निर्देशनालय तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा इन्जिनियरिङ स्नातक तह उत्तीर्ण गरि सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको वा सम्बन्धित विषयमा कम्तिमा स्नातक तह (४ वर्षे) उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तिमा स्नातक तह (३ वर्षे) उत्तीर्ण गरि सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ६ महिना सर्टिफाइड तालिम प्राप्त गरेको । |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा इन्जिनियरिङमा डिप्लोमा गरेको । |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र तह उत्तीर्ण गरेको र सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ३ महिनाको तालिम प्राप्त गरेको । |
| **भौतिक पूर्वाधार निर्देशनालय तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सिभिल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट B.E. in Civil Engineering उत्तीर्ण गरि सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको । |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (सिभिल ओभरसियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Civil Engineering उत्तीर्ण गरेको । |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक (आर्किटेक्चर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Architecture उत्तीर्ण गरेको । |
| ४. | प्राविधिक प्रहरी नायव निरीक्षक (सर्भे) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Survey Engineering उत्तीर्ण गरेको । |
| **सवारी महाशाखा तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (अटोमोबाईल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.ई.अटोमोबाईल/मेकानिकल विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको । |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (अटोमोबाईल ओभरसियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अटोमोबाईल इन्जिनियरिङ विषयमा प्रमाण पत्र तह (डिप्लोमा) उत्तीर्ण गरेको । |
| **केनाइन महाशाखा तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (भेटेरिनरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा भेटेरिनरी विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरि नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको । |
| २. | प्राविधिक प्रहरी सहायक निरीक्षक (भेटेरिनरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा भेटेरिनरी विषयमा जे.टी.ए.उत्तीर्ण गरेको । |

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| **हातहतियार मर्मत शाखा तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (जनरल मेकानिकल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट B.E. in General Mechanical वा सो सरह उत्तीर्ण गरि सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको । |
| २. | प्राविधिक प्रहरी सहायक निरीक्षक (जुनियर मेकानिक्स) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरि १८ महिनाको General Mechanics कोर्ष पूरा गरेको वा सो सरहको योग्यता हासिल गरेको । |
| **केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (रसायन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायन विज्ञान वा बिधि विज्ञान मुख्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको । |
| २. | प्राविधिक प्रहरी निरीक्षक (फिङगरप्रिन्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक विज्ञान वा रसायन विज्ञान वा जीव विज्ञान वा बिधि विज्ञान मुख्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको । |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक (रसायन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जीव विज्ञान वा भौतिक विज्ञान मुख्य विषय लिई प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| ४. | प्राविधिक प्रहरी नायव निरीक्षक (बायोलोजी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जीव विज्ञान मुख्य विषय लिई प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| ५. | प्राविधिक प्रहरी नायव निरीक्षक (फिङगरप्रिन्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक विज्ञान वा जीव विज्ञान मुख्य विषय लिई प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । |

## ७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-

(क) नेपाली नागरिकताको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ (पाँच) प्रति ।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाण-पत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

(ङ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति ।

(छ) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ ।

(ज) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।

(झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि **'सक्कल बमोजिम नक्कल ठिक छ'** भनि उम्मेदवार स्वयम्ले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ ।

## ८. परीक्षा विधिः-

- प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण परीक्षा,
- लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने**),
  - ❖ वस्तुगत बहुउत्तर प्रश्नको गलत उत्तर बापत २० प्रतिशत अंक कट्टा गरिने व्यहोरा जानकारी गरिन्छ ।
- प्रयोगात्मक परीक्षा,
- विशेष स्वास्थ्य परीक्षण परीक्षा,
- अन्तरवार्ता ।

**९. सम्पर्क मिति तथा स्थानः-** मिति २०७६/०१/०४ गते विहान ११:०० बजे, दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरु ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पश्चात नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

३. दरखास्त पेश गर्दा सक्कल प्रमाण-पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।

४. विभागीय उम्मेदवारको हकमा समान पद/तहमा दरखास्त फाराम दर्ता गर्न पाइने छैन ।

५. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईटः *www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरि आवश्यक कागजातहरु संलग्न राखि तोकिएको कार्यालयमा पेश गर्न सकिने छ ।

मितिः- २०७५/११/१३ गते ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय, नक्साल

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत एवं प्रशासन विभाग
भर्ना तथा छनौट महाशाखा
नक्साल, काठमाण्डौं ।
फोन नम्बर : ०१-४४१४९०६